# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

## दर्तावाला लेखापरीक्षक विषय छुट तथा पंजीकृत प्रशिक्षण सम्बन्धी कार्यविधि, २०७३

पो.ब.नं. ५२८९
सातदोबाटो, ललितपुर
फोन नं. ५५०८३२, ५५३०७३०
फ्याक्स नं. ५५५०७७४

# दर्तावाला लेखापरीक्षक विषय छुट तथा पंजीकृत प्रशिक्षण सम्बन्धी कार्यविधि, २०७३

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम १६क. मा भएको दर्तावाला लेखापरीक्षकहरुले चार्टर्ड एकाउन्टेन्सी शिक्षा हासिल गर्न चाहेमा विभिन्न विषय छुट दिने सम्बन्धी व्यवस्थालाई व्यवस्थित तवरले कार्यान्वयन गर्न परिषदले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ११(य) बमोजिम “दर्तावाला लेखापरीक्षक विषय छुट तथा पंजीकृत प्रशिक्षण सम्बन्धी कार्यविधि, २०७३” बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यो कार्यविधिको नाम “दर्तावाला लेखापरीक्षक विषय छुट तथा पंजीकृत प्रशिक्षण सम्बन्धी कार्यविधि, २०७३” रहनेछ ।

१.२ यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) ‘ऐन’ भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन ,२०५३ सम्झनुपर्छ ।

(ख) ‘नियमावली’ भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ सम्झनुपर्छ ।

(ग) ‘संस्था’ भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था सम्झनुपर्छ ।

(घ) ‘परिषद’ भन्नाले ऐनको दफा ७ बमोजिम गठन भएको परिषद सम्झनुपर्छ ।

(ङ) ‘वोर्ड’ भन्नाले नियमावलीको नियम ७६(क) बमोजिम गठित वोर्ड अफ स्टडिज सम्झनुपर्छ ।

(च) ‘शिक्षा विभाग‘ भन्नाले संस्थाको शिक्षा विभागलाई सम्झनुपर्छ ।

(छ) ‘कार्यविधि’ भन्नाले दर्तावाला लेखापरीक्षक विषय छुट तथा पंजीकृत प्रशिक्षण सम्बन्धी कार्यविधि, २०७३ सम्झनुपर्छ ।

(ज) ‘मध्यम तह’ भन्नाले चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तह (CAP-II) सम्झनुपर्छ ।

(झ) ‘अन्तिम तह’ भन्नाले चार्टर्ड एकाउन्टेन्सी शिक्षाको अन्तिम तह (CAP-III) सम्झनुपर्छ ।

(ञ) 'दर्तावाला लेखापरीक्षक' भन्नाले ऐनको दफा १६(३) बमोजिम सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनुपर्छ ।

## परिच्छेद २
## बिषय छुट निवेदन प्रक्रिया

### ३. विषय छुटको सुविधा

नियमावलीको नियम १६क. बमोजिम परिषदले देहाय बमोजिमको शिक्षा हासिल गरेका दर्तावाला लेखापरिक्षकहरुलाई देहाय बमोजिम विषय छुटको सुविधा दिन सक्नेछ ।

३.१ मान्यता प्राप्त विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट मध्यम तहको परीक्षा उत्तीर्ण गरेमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहको परीक्षा ।

३.२ मान्यता प्राप्त विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी शिक्षाका मध्यम तहको कुनै समुह उत्तीर्ण भएकोमा सोही विषयहरु नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहमा रहेछ भने उक्त विषय ।

३.३ लेखा, लेखापरीक्षण, कस्ट एकाउन्टिङ्ग, वित्तीय ब्यवस्थापन (फाईनानसियल मेनेजमेन्ट) वा कर सम्वन्धी विषय लिई वाणिज्य शास्त्र वा ब्यवस्थापन शास्त्र वा ब्यापार प्रशासनमा स्नातक वा स्नातकोत्तर गरी उल्लेखित तहमा ५० (पचास) प्रतिशत अकं प्राप्त गरेको विषय चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहको विषयसंग मिल्ने रहेछ भने उक्त विषय ।

३.४ खण्ड ३.३ मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल स्थित विश्वविद्यालयबाट लेखा मुख्य विषय (Specialization in Accountancy) लिई कम्तीमा ५० (पचास) प्रतिशत अंक प्राप्त गरी वाणिज्य शास्त्र वा व्यवस्थापन शास्त्र वा व्यापार प्रशासनमा स्नातक वा स्नातकोत्तर उत्तीर्ण गरेकोमा चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहको सम्पूर्ण विषयहरु ।

## ४. नाम दर्ता गराउने तथा बिषय छुटको निवेदन सम्बन्धी :

४.१ नियम १६क. बमोजिम विषय छुटको सुविधा प्राप्त गर्न चाहने दर्तावाला लेखापरीक्षकले नियमावलीको परिच्छेद २ बमोजिम मध्यम तहको विद्यार्थीको रुपमा अनुसूची १ बमोजीम संस्था समक्ष निवेदन दिई नाम दर्ता गराउनु पर्नेछ । मध्यम तहको विद्यार्थीको रुपमा नाम दर्ता भैसकेपछि विषय छुटको सुविधा प्राप्त गर्न कार्यविधि बमोजिम तोकिएको शुल्क सहित देहाय बमोजिमका कागजातहरु संलग्न गरी निवेदन दिनुपर्ने छ :

(क) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट प्राप्त दर्तावाला लेखापरीक्षकको सदस्यता तथा पेशागत प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ख) कार्यविधि ३.१ बमोजिमको विद्यार्थीले मान्यता प्राप्त विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट मध्यम तहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र र लब्धाङ्क पत्रको प्रमाणित प्रतिलिपि ।

(ग) कार्यविधि ३.२ बमोजिमको विद्यार्थीले मान्यता प्राप्त विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट मध्यम तहको कुनै समुह उत्तीर्ण गरेको प्रमाणपत्र र लब्धाङ्क पत्रको प्रमाणित प्रतिलिपि र सो परीक्षाको लागि तत्कालीन अवस्थामा लागु भएको मध्यम तहको पाठ्यक्रमको प्रमाणित प्रतिलिपी ।

(घ) कार्यविधि ३.३ बमोजिमको विद्यार्थीले स्नातक वा स्नातकोत्तर तहको परीक्षा उत्तीर्ण गरेको प्रमाण पत्र र लब्धाङ्क पत्रको प्रमाणित प्रतिलिपि ।

(ङ) कार्यविधि ३.४ बमोजिमको विद्यार्थीले नेपाल स्थित विश्व विद्यालयबाट लेखा मुख्य विषय (Specialization in Accountancy) लिई कम्तीमा ५० (पचास) प्रतिशत अंक प्राप्त गरी वाणिज्य शास्त्र वा व्यवस्थापन शास्त्र वा व्यापार प्रशासनमा स्नातक वा स्नातकोत्तर उत्तीर्ण गरेको प्रमाण पत्र र लब्धाङ्क पत्रको प्रमाणित प्रतिलिपि ।

# परिच्छेद ३
# छानवीन तथा निर्णय

## ५. छानविन प्रकृया :

५.१ कार्यविधि ४ बमोजिम नाम दर्ता गराई बिषय छुटको निवेदन प्राप्त भएका विद्यार्थीको कागजातहरु आवश्यक प्रकृयाको लागि शिक्षा विभाग समक्ष पेश गरिनेछ ।

५.२ शिक्षा विभागले कार्यविधि ५.१ बमोजिम प्राप्त हुन आएका सम्पूर्ण कागजातको अध्ययन गरि विषय छुट दिन मिल्ने/नमिल्ने सम्बन्धमा आफ्नो राय सहित वोर्ड समक्ष पेश गर्नेछ ।

५.३ कार्यविधि ५.२ बमोजिम शिक्षा विभागबाट प्राप्त भएको राय समेतको आधारमा बोर्डले बिषय छुटका सम्बन्धमा निर्णय गर्नेछ ।

५.४ कार्यविधि ४.१ को खण्ड (ग) र (घ) बमोजिम  पेश भएको पाठ्यक्रमको विस्तृत संरचना संस्थामा लागु भएको मध्यम तहको पाठ्यक्रम सँग अधिकांश मिल्ने नदेखिएमा विषय छुट दिन नमिल्ने गरि वोर्डले निर्णय गर्न सक्नेछ ।

५.५ कार्यविधि  ५.४ बमोजिम  वोर्डले गरेको निर्णय सम्बन्धित बिद्यार्थीलाई अनुसूची २ बमोजिम जानकारी गराइनेछ ।

५.६ यस परिच्छेद बमोजिम वोर्डले मध्यम तह/CAP-II तहको पुरै बिषय छुट सुविधा दिने निर्णय गरेको अवस्थामा चार्टर्ड एकाउन्टेन्सी शिक्षाको अन्तिम तह/ CAP-III मा नाम दर्ता गराउन योग्य हुनेछ । यसरी भर्ना भएका बिद्यार्थीहरुलाई ऐन तथा नियमका अन्य सम्पुर्ण व्यवस्थाहरु यथावत लागु हुनेछ ।

५.७ यस परिच्छेद बमोजिम वोर्डले मध्यम तह/CAP-II तहको आशिंक बिषय छुट सुविधा दिने निर्णय गरेमा चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तह/CAP-II को बाँकी विषयहरुको परीक्षा उत्तीर्ण गर्नुपर्नेछ ।

## परिच्छेद ४

### ६. पंजीकृत प्रशिक्षण

६.१ कार्यविधि ५.६ बमोजीम अन्तिम तह/ CAP-III मा नाम दर्ता गराउने बिद्यार्थीले नियमावलीको नियम २४ बमोजिम पंजीकृत प्रशिक्षण लिनु पर्नेछ ।

६.२ कार्यविधि ५.७ बमोजीम मध्यम तह/CAP-II तहको आशिंक बिषय छुट सुविधा प्राप्त भएको मा नियमावलीको ८(२) अन्तर्गत पंजीकृत प्रशिक्षण लिन चाहेमा नियमावलीको नियम २४ बमोजिम पंजीकृत प्रशिक्षण लिनु पर्नेछ ।

६.३ नियमावलीको नियम २४(१) बमोजिम तोकेको शर्त पूरा गरेका दर्तावाला लेखापरीक्षकको हकमा बोर्डले दुई वर्ष सम्म पंजीकृत प्रशिक्षण छुट दिन सक्नेछ ।

## परिच्छेद ५
## विविध

### ७. शुल्क बुझाउनुपर्ने :

विद्यार्थीले विषय छुटको लागि निवेदन दिएको प्रत्येक विषयको लागि सो विषयको चार्टर्ड एकाउन्टेन्सी मध्यम तहको परीक्षा शुल्क बापत लाग्ने रकम शुल्कको रुपमा भुक्तानी गर्नुपर्नेछ । विषय छुटको लागि निवेदन दिई यस कार्यविधि बमोजिम आवश्यक छानविन पश्चात विषय छुट नपाउने गरि निर्णय भएमा शुल्क बापत भुक्तानी गरेको रकम फिर्ता हुने छैन ।

### ८. परीक्षा उत्तीण गर्नुपर्ने:

८.१ नियमावलीको नियम १५ को अधिनमा रहि चार्टर्ड एकाउन्टेन्सी मध्यम तह उर्त्तीण हुनको लागि यस कार्यविधि बमोजिम छुट पाएका बिषय बाहेक अन्य विषयमा कम्तिमा चालिस प्रतिशत र छुट पाएको बिषय बाहेक गरेर प्रत्येक समूहमा कम्तिमा पचास प्रतिशत औशत अंक प्राप्त गरेको हुनु पर्नेछ ।

८.२ कार्यविधि ८.१ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै परीक्षार्थीले दुवै समूहको परीक्षामा एकै पटक सम्मिलित भएकोमा दुवै समूहलाई एउटै मानी सोहि बमोजिम औसत अंक निर्धारण गरिने छ । यधपि यसरी औसत अंक निधांरण गर्दा यस कार्यविधि बमोजिम छुट पाएका बिषय बाहेक अन्य विषयहरुलाई मात्र गणना गरीनेछ ।

८.३ कार्यविधि ८.२ बमोजिम औसत अंक निर्धारण गर्दा औसत अंक पचास प्रतिशत भन्दा कम हुन गई उत्तीर्ण हुन नसकेको परीक्षार्थीले कुनै समूहमा औसत पचास प्रतिशत वा सोभन्दा बढी प्राप्त गरेको रहेछ भने त्यस्तो समूहको परीक्षामा निज उत्तीर्ण भएको मानिने छ।

**९. अन्य व्यवस्थाहरु**

यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरुको हकमा यसै कार्यविधि बमोजिम र उल्लेख नभएका अन्य बिषयहरुमा बोर्डको निर्णय बमोजिम हुनेछ।

**१०. कार्यविधि संसोधन, व्याख्या तथा बाधा अडकाउ फुकाउने :**

यस कार्यविधिको शंसोधन, व्याख्या तथा बाधा अडकाउ फुकाउने अधिकार परिषदमा निहित रहने छ।

**अनुसूची १ : नियम १६क. बमोजिम विषय छुटको सुविधा प्राप्त गर्न चाहने दर्तावाला लेखापरीक्षकले दिने निवेदनको ढांचा ।**

श्रीमान् शिक्षा विभाग प्रमुख ज्यू
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
ललितपुर ।

विषय : विषय छुट सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, दर्तावाला लेखा परीक्षक विषय छुट तथा पंजीकृत प्रशिक्षण सम्बन्धि कार्यविधि, २०७३ बमोजिम म ............................................................................................ ले निम्न उल्लेखित ........ वर्ग रजिस्टर्ड अडिटर ( सदस्यता नं. .........) ले संलग्न बमोजिम कागजात तथा उल्लेखित शुल्क बुझाएको रसिद राखी संस्था द्धारा संचालित चार्टर्ड एकाउन्टेन्सी शिक्षाको दास्रो तहको निम्नानूसारको विषयहरुमा छुट गरिदिनु हुनका लागि निम्न विवरण सहित दरखास्त पेश गर्दछु ।

छुटको लागि निवेदन दिएका विषयहरु निम्न बमोजीम रहेका छन् :

| विषय | विषय |
|---|---|
| १. | ५. |
| २. | ६. |
| ३. | ७. |
| ४. | ८. |

निवेदकको विवरण :

१. नाम थर (पुरा) : ..........................................................................................(नेपालीमा)
..........................................................................................(English BLOCK Letter)

२. जन्म मिति : वि.सं. ........................................... ई.सं. .................................................

३. नागरिकता : ....................................... ना.प्र.नं.: ............................ जिल्ला :.........................

४: ठेगाना : स्थायी : ..........................................................................................................
अस्थायी : ..........................................................................................................
टेलिफोन नं.: ........................... मोबाईल : ............................... पोष्ट बक्स : ............
इमेल : ...........................................

५. विषय छुटको दावी : उपयुक्त विकल्प छान्नुहोस

| क्र.सं. | दावीको विवरण | छनौट ( ✓ ) |
|---|---|---|
| १ | मान्यता प्राप्त विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट मध्यम तहको परीक्षा उत्तीर्ण गरेको कारणले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहको परीक्षा छुटको दावी । | |
| २ | मान्यता प्राप्त विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी शिक्षाका मध्यम तहको कुनै समुह उत्तीर्ण भएकोमा सोही विषयहरु नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहमा रहेको हुनाले उक्त विषयहरु छुटको दावी । | |
| ३ | लेखा, लेखापरीक्षण, कस्ट एकाउन्टिङ्ग, वित्तीय व्यवस्थापन(फाईनानसियल मेनेजमेन्ट) वा कर सम्वन्धी विषय लिई वाणिज्य शास्त्र वा व्यवस्थापन शास्त्र वा व्यापार प्रशासनमा स्नातक वा स्नातकोत्तर गरी उल्लेखित तहमा ५० (पचास) प्रतिशत अकं प्राप्त गरेको विषय चार्टर्ड | |

| | | |
|---|---|---|
| | एकाउन्टेन्सी शिक्षाको मध्यम तहको विषयसंग मिल्ने हुनाले उक्त विषयहरु छुटको दावी । | |
| ४ | मथि ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल स्थित विश्व विद्यालयबाट लेखा मुख्य विषय (Specialization in Accountancy) लिई कम्तीमा ५० (पचास) प्रतिशत अंक प्राप्त गरी वाणिज्य शास्त्र वा व्यवस्थापन शास्त्र वा व्यापार प्रशासनमा स्नातक वा स्नातकोत्तर उत्तीर्ण गरेको हुनाले चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहको सम्पूर्ण विषयहरु छुटको दावी ॥ | |

माथि छनौट गरीएको विकल्प संग संम्बन्धित थप विवरणहरु
योग्यता : ..........................................................................
विश्व विद्यालय / संस्था : ............................................................ उर्त्तिण साल । महिना : ............
विषयहरु : .....................................................................................................................
.......................................................................................................................................
.....................................................................................................................................

६. लेखा वा लेखापरीक्षणसंग सम्बन्धित कार्य अनुभव : ....................... वर्ष

७. पेशा : नोकरी / व्यापार / लेखा व्यवसाय / शिक्षक / अन्य : .........................................................

८. नोकरी गरेको भए कार्यलयको नाम : ....................................................................................
ठेगाना : ........................................................................................
दर्जा : .................................................

***<u>माथि उल्लिखित जानकारी । विवरणहरु ठिक सांचो छ भन्ने प्रमाणित गर्दछु । यदि झुठो भएमा नियमानुसारको कारवाहि ब्यहोर्न तयार छु ।</u>***

***<u>भवदिय</u>***

*नाम* : ...........................
*हस्ताक्षर* : ...........................
*मिति* : ...........................

***<u>संलग्न गर्नुपर्ने कागजपत्रहरु :</u>***

क. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, दर्तावाला लेखा परीक्षक सदस्यता तथा पेशागत प्रमाणपत्रको प्रमाणित प्रतिलिपी : १ थान
ख. कार्यविधि ४ बमोजीम सम्बन्धित विषयका लब्धाङ्क पत्र, प्रमाणपत्र : १-१ थान
ग. नागरिकताको प्रमाणपत्र को प्रमाणित प्रतिलिपी :१ थान

**अनुसूची २ :** कार्यविधि ५.४ बमोजिम वोर्डले गरेको विषय छुटको निर्णयलाई सम्बन्धित विधार्थीलाई जानकारी गराईने ढांचा ।

श्री /श्रीमति/सुश्री...................................

....................................

विषय : विषय छुट सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा तपाईले मिति ....................मा दर्तावाला लेखापरीक्षक विषय छुट तथा पंजीकृत प्रशिक्षणसम्बन्धि कार्यविधि, २०७३ अन्तर्गत पेश गर्नुभएको विषय छुट सम्बन्धी निवेदन उपर बोर्ड अफ स्टडिजको मिति....................को बैठकमा छलफल भई निम्नानूसारको विषय छुट दिने निर्णय भएको जानकारी गराउंदछौं ।

| क.सं. | छुटको निवेदन दिएको विषय | निर्णय (छुट दिने /नदिने ) |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| | | |
| | | |
| | | |
| | | |

यस संम्बन्धी थप जानकारी चाहिएमा अधोहस्ताक्षरीलाई सम्पर्क गर्नुहोला ।

..............................

शिक्षा विभाग प्रमुख